म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्षः१४ अङ्कः- १७२ २०८० जेठ ३ गते बुधबार 17 May 2023, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

## लागुऔषधसहित तीनजना पक्राउ

हेटौंडाः लागुऔषध अफिमसहित मकवानपुर प्रहरीले तीन जनालाई पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडा र जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले लागुऔषधसहित तीजनालाई पक्राउ गरेको हो ।

सोमबार राती ८ बजेको समयमा हेटौंडा-७ बाट स्थानीय ५६ वर्षीय जय बहादुर मुक्तान, बारा जिल्लाको निजगढ नगरपालिका-१२ का २४ वर्षीय विष्णुलाल थिङ, मकवानपुर जिल्लाको बकैया गाउँपालिका-६ का ३२ वर्षीय दिनेश थिङलाई २ केजी ९ सय ग्राम लागुऔषध अफिमसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुर प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिनुभएको छ ।

## दोस्रो प्रदेश खेलकुद प्रतियोगिता

# २१९ स्वर्णका लागि प्रतिस्पर्धा हुँदै



*दोस्रो संस्करणको प्रदेश खेलकुद प्रतियोगिताबारे जानकारी गराउनुहुँदै सदस्य सचिव सूर्यलाल भण्डारी ।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश खेलकुद विकास परिषद्को को आयोजनामा दोस्रो प्रदेश खेलकुद प्रतियोगिता यही जेठ ७ गतेबाट सुरु हुँदैछ । प्रतियोगितामा १३ खेलमा २ सय १९ स्वर्णका लागि प्रदेशका १३ जिल्लाबाट २ हजार ५ सय २ जना खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । मकवानपुर जिल्लामा ९ खेल खेलाइँदैछ भने एउटा खेल चितवन, एउटा ललितपुर र २ वटा काठमाडौंमा खेलाइने प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव सूर्यलाल भण्डारीले जानकारी दिनुभएको छ ।

मंगलबार सामाजिक विकास मन्त्रालयको सभाकक्षमा सामाजिक विकासमन्त्री कुमारी मुक्तानको उपस्थितिमा पत्रकार सम्मेलन गर्दै प्रतियोगिताको तयारीका बारेमा जानकारी गराइएको थियो। हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा जेठ ७ गते उद्घाटन हुने प्रतियोगिताअन्तर्गत हेटौंडा-६ स्थित गौरिटार रंगशालामा महिला फुटबल हुनेछ । पिप्ले क्याम्पा रंगशालामा पुरुष फुटबल र एथ्लेटिक्स हुनेछ । हेटौंडा-४, हुप्रचौरमा महिला र पुरुष भलिबल, रग्बी, कराँते, तेक्वान्दो र आइटिएफ तेक्वान्दो, हेटौंडा-४ स्थित कभर्डहलमा बक्सिङ, हेटौंडा-११ स्थित कभर्डहलमा ब्याडमिन्टन, उसु र जुडो काठमाडौंमा, पौडी ललितपुरमा र क्रिकेट चितवनमा हुनेछ ।

प्रतियोगिता आयोजनाका लागि ९ करोड ४२ लाख रुपैयाँ लागत अनुमान गरिएको छ । प्रतियोगितामा स्वर्ण, रजत र कास्य पदक विजेता खेलाडीले क्रमशः ५ हजार, ४ हजार र ३ हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगिता आयोजनाका लागि विभिन्न समितिहरु निर्माण गरिएको सदस्य सचिव भण्डारीले जानकारी दिनुभएको छ। पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुँदै बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मुक्तानले बागमती प्रदेश सरकारले खेलकुदलाई प्राथमिकतामा राखेको बताउनुभयो । मन्त्री मुक्तानले खेलकुदका गतिविधि बढाउने र पूर्वाधार निर्माणमा प्रदेश सरकारले लगानी गर्ने पनि बताउनुभएको छ । पहिलो संस्करणमा ८ वटा खेल खलाइएको प्रदेश खेलकुद प्रतियोगितामा यस पटक १३ वटा खेल खेलाइँदैछ ।

## मन्त्री लामालाई थप ३ मन्त्रालयको जिम्मेवारी

समाज संवाददाता

**हेटौंडाः बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिंह लामालाई थप ३ मन्त्रालयको जिम्मेवारी परेको छ । प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको सिफारिसमा प्रदेश प्रमुख यादवचन्द्र शर्माले मन्त्री लामालाई थप ३ मन्त्रालयको जिम्मेवारी दिनुभएको हो ।**

**प्रदेश प्रमुख शर्माले सोमबार एक सूचना जारी गर्दै मन्त्री लामालाई वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य मन्त्रालय र पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयको जिम्मेवारी थप भएको जानकारी गराउनुभयो । मन्त्री लामाले कंग्रेसबाट एक महिनाअघि आर्थिक मामिला तथा योजना मन्त्रीको कार्यभार समाल्नु भएको थियो ।**

**कांग्रेसले बागमती प्रदेश सरकारको ६ मन्त्रालयमा दावी गरेको भए पनि ५ मन्त्रालय पाएको छ । बजेट निर्माणको बेला मुख्यमन्त्री जम्कट्टेलले मन्त्रालयको जिम्मेवारी लामालाई दिनुभएको हो ।**

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

## प्रदेश सभाको बाह्रौं अधिवेशन आव्हान

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका प्रमुखले प्रदेश सभाको बाह्रौं अधिवेशन आव्हान गर्नुभएको छ । बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले सोमबार सुचना जारी गर्दै अधिवेशन जेठ ९ गते दिनको १ बजेका लागि आव्हान गर्नुभएको हो ।

बागमती प्रदेश सरकारको आइतबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश सभाको बैठक आव्हान गर्न सिफारिस गर्ने निर्णय गरेको थियो । संविधानको धारा १८३ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद् सिफारिसमा प्रमुख शर्माले अधिवेशन आव्हान गर्नु भएको हो ।

अधिवेशनमा प्रि बजेटको विषयम संसदमा छलफल हुने बागमती प्रदेश सभाका सचिव कृष्णहरी खड्काले जानकारी दिनुभयो । अधिवेशनमा प्रदेश प्रमुख शर्माले नीति तथा कार्यक्रम प्रदेश सभामा पेश गर्नुहुने छ ।

## डिजेल र मट्टीतेलको मूल्य १०-१० रुपैयाँ घट्यो

समाज संवाददाता

हेटौंडाः नेपाल आयल निगमले डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर १०/१० रुपैयाँ घटाएको छ । पेट्रोलको मूल्य भने यथावत राखेको छ । भारतीय आयल कर्पोरेसन (आईओसी)ले अघिल्लो पटकको मूल्यभन्दा डिजेलमा प्रतिलिटर ८ रुपैयाँ १३ पैसाका दरले घटाएर पठाएपछि निगमले प्रतिलिटर १० रुपैयाँ घटाएको हो ।

आईओसीले पेट्रोलमा प्रतिलिटर ९ रुपैयाँ ५२ पैसा घटाएर पठाएको थियो । तर, भारत र नेपालबीचको मूल्यान्तरलाई कारण देखाउँदै निगम सञ्चालक समितिले पेट्रोलको मूल्य यथावत राख्ने निर्णय गरेको छ । 'पेट्रोलको मूल्य समायोजन नगर्दा भारतमा भन्दा नेपालमा प्रतिलिटर २३ पैसा बढी छ । मूल्य घटाउँदा फेरि तस्करी हुने सम्भावना देखियो,' निगम सञ्चालक समितिका एक सदस्यले भने । यसपटक पेट्रोलको मूल्यलाई यथावत राख्ने निर्णय भएको उनले बताए ।

नयाँ खुद्रा बिक्री मूल्य मंगलबार राति १२ बजेदेखि लागु हुनेछ । डिजेलको मूल्य घटेपश्चात खुद्रा बिक्री मूल्य प्रतिलिटर १ सय ५५ रुपैयाँ पर्नेछ । मट्टीतेल पनि १ सय ५५ रुपैयाँ पर्ने निगमले जनाएको छ । पेट्रोलको मूल्य यथावत राख्दा प्रतिलिटर १७५ रुपैयाँ नै पर्ने भएको छ ।

# प्रदेश खेलकुदका लागि मकवानपुरको बन्दप्रशिक्षण सुरु




*बन्दप्रशिक्षणमा सहभागी खेलाडीलाई खाजा वितरण गर्नुहुँदै जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गी ।*

समाज संवाददाता

हेटौंडाः दोस्रो बागमती प्रदेश खेलकुदका लागि मकवानपुर जिल्लाका खेलाडीको बन्दप्रशिक्षण सुरु भएको छ । मंगलबारबाट मकवानपुर जिल्ला खेलकुद विकास समितिले खेलाडीलाई बन्दप्रशिक्षणमा राखेको हो । बागमती प्रदेश खेलकुद प्रतियोगिता यही जेठ ७ गतेदेखि सुरु हुँदैछ ।

प्रदेश खेलकुद प्रतियोगितामा मकवानपुर जिल्लाबाट १२ वटा खेलका २ सय ४० भन्दा बढी खेलाडी सहभागी हुने मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीले जानकारी दिनुभएको छ । अहिले कक्षा १२ को वार्षिक परीक्षा सञ्चालन भइरहेकोले बन्दप्रशिक्षणमा केही कम खेलाडी सहभागी भएको बताइएको छ । ब्याडमिन्टन हेटौंडा-११ स्थित बहुउपयोगी कभर्डहलमा, तेक्वान्दो, कराँते र आइटिएफ कराँते, उसु, रग्बी र भलिबल हुप्रचौरमा, एथ्लेटिक्स र फुटबल पिप्ले-क्याम्पा रंगशालामा, बक्सिङ हेटौंडा-४ स्थित कभर्डहलमा बन्दप्रशिक्षण भइरहेको छ ।

बन्दप्रशिक्षणका क्रममा खेलाडीहरुलाई खाजाको पनि व्यवस्था गरिएको छ । बन्दप्रशिक्षणको क्रममा खेलाडीलाई दुध, अण्डा र चनाको व्यवस्था गरिएको छ । बन्दप्रशिक्षणका लागि करिब ५ लाख रुपैयाँ लागत अनुमान गरिएको छ । प्रदेशस्तरीय प्रतियोगितामा राम्रो नतीजा हासिल गर्नका लागि बन्दप्रशिक्षणको व्यवस्था मिलाइएको अध्यक्ष खड्गीको भनाइ छ । बन्दप्रशिक्षणमा सम्बन्धित खेलका प्रशिक्षकहरुको सक्रिय सहभागिता रहेको छ ।

यसअघि मकवानपुर जिल्ला खेलकुद विकास समितिले प्रदेशस्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको तयारीस्वरुप बन्दप्रशिक्षणको व्यवस्था मिलाएको थियो। बन्दप्रशिक्षणको व्यवस्थाले खेलाडी र प्रशिक्षकमा हौसलासँगै प्रदेश र राष्ट्रियस्तरको प्रतियोगितामा राम्रो नतीजा हासिल गरेसँगै प्रदेशस्तरीय खेलकुदको पनि बन्दप्रशिक्षणको व्यवस्था मिलाएको हो ।

## बागमतीमा मदिरा बोर्डहरु हटाउँदै

समाज संवाददाता

**हेटौंडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिकामा मदिराजन्य पदार्थका होर्डिङ बोर्डहरु हटाउन सुरु गरिएको छ । दुई हप्तादेखि पालिकाको २ नम्बर वडास्थित राईगाउँ, ४ नम्बर वडास्थित भुरभुरे र ६ नम्बर वडास्थित फापर बारीमा बोर्डहरु हटाउन सुरु गरिएको पालिकाका प्रमुख प्रशासकीय अधिकृत भक्तनारायण घलानले जानकारी दिनुभयो । गृह मन्त्रालय, विज्ञापन बोर्ड, जिल्ला प्रशासन कार्यालय र गाउँपालिकाको अनुरोधमा बोर्डहरु हटाइएको हो । बोर्ड हटाउन नगर प्रहरी, वडा र इलाका प्रहरीको सहायता रहेको घलानले बताउनुभयो । यसअघि सर्वोच्च अदालतले कुनैपनि माध्यमबाट मादक पदार्थको विज्ञापन नगर्नु नगराउनु भनी आदेश भएको थियो।**


# हार्दिक बधाई




युवा पत्रकार **सुवास विडारी**को अध्यक्षतामा सर्वसम्मत निर्वाचित **नेपाल प्रेस युनियन मकवानपुर जिल्ला समितिलाई** हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

विवेक आनन्द न्यौपाने
**महासचिव, जेसीआई हेटौंडा-२०२३**
**हेटौंडा शाखा प्रबन्धक, वेभ सर्फर नेपाल**
**सञ्चालक समिति सदस्य, नमस्ते मकवानपुर साकोस**
**हेटौंडा, मकवानपुर**

## सम्पादकीय

# अर्थतन्त्र निराशाजनक

देशको विकास र नागरिकको समृद्धिका लागि आर्थिक अवस्था बलियो हुनुपर्छ । देशको अर्थतन्त्र मजबुत भयो भने देशको चौतर्फी विकासमा सहजता हुन्छ । विगतमा राजनीतिक व्यवस्था र शासन प्रणालीलाई आर्थिक विकासको बाधक मानिएको थियो । विगतमा राजनीतिक अस्थिरता रअलोकतान्त्रिक शासन व्यवस्थालाई आर्थिक विकासको बाधक भनिए पनि सबैभन्दा अब्बल मानिएको गणतन्त्रमा समेत देशको आर्थिक विकास निराशाजनक बनिरहेको छ । अस्थिर राजनीतिका कारण विगतमा सरकार स्थिर बन्न नसकेकोमा अहिले पनि सरकारको स्थायित्व छैन । कुनै पनि सरकार पूर्ण कार्यकाल चल्न नसक्दा देशले अपेक्षित आर्थिक सुधार गर्न नसकेको पक्कै हो । तर, सरकारलाई अस्थिर बनाउन सरकार सञ्चालनमा प्रत्यक्ष संलग्न देखिएका ठूला राजनीतक दलहरुकै प्रमुख भूमिका रहेको तथ्यलाई नकार्न सकिँदेन । विकास र समृद्धिको बारेमा भाषण गरेर देशका प्रधानमन्त्री र मन्त्रीहरु नथाके पनि देशको अर्थव्यवस्था सन्तोषजनक हुन नसक्नुले आम नेपालीलाई भने चिन्तित बनाएको छ । विशेषगरी आयात-निर्यातबीचको ठूलो अन्तरले मुलुकको अर्थतन्त्र जर्जर बन्दै गएको छ ।

पछिल्लो समय मुलुकको आर्थिक सूचक सन्तोषजनक बन्न सकेको छैन । कोभिड-१९ को महामारीपछि सुस्त बन्दै गएको नेपाली अर्थतन्त्र करिब डेढ वर्षदेखि निकै संकटग्रस्त देखिएको छ । विश्वव्यापी आर्थिक मन्दीका र आयातित वस्तुको मूल्यवृद्धिका कारण नेपाली अर्थतन्त्रमा नकारात्मक असर परिरहेको छ । आयातमुखी अर्थतन्त्रमा व्यापार घाटा वृद्धि भएसँगै भुक्तानी सन्तुलनमा समस्या आउन सक्छ । नेपालको अर्थतन्त्रलाई पछिल्लो समय रेमिट्यान्सले भरथेग गरिरहेको भए पनि रेमिट्यान्सको अधिकांश हिस्सा अनुत्पादक क्षेत्रमा प्रयोग हुँदा यसले आर्थिक अवस्था सुधार्न खासै सहयोग गर्न सकेको छैन । मुलुकको भौगोलिक संरचना र प्राकृतिक स्रोत-साधन उपयोगको सम्भावनालाई हेर्ने हो भने आर्थिक विकासको व्यापक सम्भावना छ । तर, दिगो आर्थिक विकासको स्पष्ट र दीर्घकालीन नीति तथा योजना नहुँदा र भएका योजनाको पनि प्रभावकारी कार्यान्वयन नहुँदा आर्थिक विकासको गति तिब्र बन्न सकेको छैन ।

राणा शासन कालमा राणाहरुले राज्यका सम्पूर्ण स्रोत साधन आफू र आफ्ना परिवारको सुख सुविधामा खर्च गरे । राणा शासन अन्त्यपछिको करिब दश वर्षे प्रजातान्त्रिक शासन व्यवस्थाको समय अन्यौल र अस्थिरतामै बित्यो । त्यसपछि ३० वर्षसम्म निर्दलीय पञ्चायती व्यवस्थामा पनि मुलुकको आर्थिक विकासमा ठूलो फड्को मार्न सकेन । त्यस समय सार्वजनिक संस्थानको स्थापना र सडकलगायत अन्य केही पूर्वाधारको विकास भए पनि आर्थिक विकासको गति तिब्र बन्न सकेन । पञ्चायती व्यवस्था अन्त्य गरेर प्रजातन्त्र पुनस्थापनापछि पनि सोचेजति आर्थिक प्रगति मुलुकमा भएन । अहिले संघीय गणतन्त्र कार्यान्वयन भइसक्दा पनि आर्थिक सूचकहरु कमजोर बन्नुले शासन व्यवस्थाभन्दा शासककै कमजोरी देखिएको छ । जुन जोगी आए पनि कानै चिरिएको भनेजस्तै जुनसुकै शासन व्यवस्था, जुनसुकै पार्टी र जुनसुकै व्यक्ति सत्तामा आए पनि आर्थिक विकासले गति लिन सकेन । सत्ताको बागडोर हातमा लिनेहरु नै भ्रष्टाचारमा लिप्त बनिदिँदा आशातित विकास र आर्थिक उन्नति हुन नसकेको हो ।

देशको अर्थतन्त्रका अधिकांश सूचकहरु उत्साहजनक छैन । अर्थतन्त्र धराशायी बन्दै गएपछि व्यवसायमा मन्दी देखिएको छ । चर्को बैंक ब्याजबाट व्यवसायी ग्रस्त बनेका छन् । आर्थिक अवस्था निराशाजनक बन्दै जाँदा व्यवसायीमा उत्साह जाग्ने कुरै भएन । व्यापार घाटा बढ्दै जानु, आर्थिक वृद्धिदर न्यून हुनु, मुद्रास्फीति (मूल्य वृद्धिदर) धेरै हुनु, बैंक व्याज बढ्नुले अर्थतन्त्र सन्तोषजनक नभएको स्पष्ट पार्दछ । सरकारले गर्ने पुँजीगत खर्चको अवस्था अत्यन्तै कमजोर छ । अपेक्षित राजश्व संकलन गर्न नसक्दा सामान्य खर्चसमेत कटौती गर्नुपर्ने अवस्था बनेको छ । अर्थतन्त्रका यस्ता नकारात्मक अवस्थामा पनि आर्थिक सुधारका लागि सरकारले स्पष्ट नीति ल्याउन सकेको छैन । देशको आर्थिक विकासका लागि आर्थिक क्रान्तिको आवश्यकता देखिएको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

- **मेष** : परिश्रमको प्रतिफल सुन्दर होला ।
- **वृष** : लगनशीलता र मिहिनेतले लाभ प्राप्त होला ।
- **मिथुन** : अरुको गल्तीले आफूलाई पीडा होला ।
- **कर्कट** : मन भावुक र संवेदनयुक्त बन्ने समय छ ।
- **सिंह** : प्रतिस्पर्धाको दौडमा विजय प्राप्त हुने छ ।
- **कन्या** : साहित्यिक कार्यक्रमप्रति झुकाव बढ्ला ।
- **तुला** : सामाजिक तथा धार्मिक काममा सरिक भइने छ ।
- **वृश्चिक** : प्रतिस्पर्धाबाट लाभ प्राप्त हुने समय योग छ ।
- **धनु** : ठिक समयमा ठिक निर्णय लिन सकिएला ।
- **मकर** : बोलीमा मिठास र आत्मबल बढ्ने समय छ ।
- **कुम्भ** : शत्रुहरुसँग सजगता अपनाउँदा राम्रो होला ।
- **मीन** : अल्झिएका कामहरु सम्पन्न हुने समय योग छ ।

## नेपालीको अमेरिका सपना

# बेच्न र बेचिन तयार मान्छे कसरी जन्मिइरहेका छन् ?



✍शिव गौतम




शाब्दिक अर्थ पछ्याउँदा 'भ्रष्ट' भन्नाले कुनै स्थिति, ठाउँ, नियम, मान्यताबाट खसेको हो वा झरेको भन्ने बुझिन्छ। अहिलेको सन्दर्भमा समाज र संविधान अन्तर्गतका नियम कानुनले निर्धारण गरेको मान्यता बाहिर गएर आचरण गर्नुलाई भ्रष्टाचार मानिन्छ । पुरानो जमानामा भ्रष्टाचार मानिने कतिपय काम अहिले भ्रष्टाचारमा पर्दैनन् ।

मान्छेको स्वभाव नै जटिल हुन्छ भने मान्छेले बनेको समाज स्वतः जटिल हुने नै भयो । त्यो जटिलताभित्र भ्रष्टाचार र त्यसको विरोध गर्ने दुवै मानसिकता कतै न कतै लुकेर बसेको हुन्छ। भ्रष्टाचार एउटा रोग हो । यसको समयमै निदान खोजिएन भने समाजै समाप्त हुन सक्छ ।

नक्कली भुटानी शरणार्थी प्रकरण एकसाथ विभिन्न विषयसँग जोडिएको छ । यसलाई विश्लेषण गर्न विभिन्न दृष्टिकोणबाट हेर्नुपर्छ । जस्तै सपना र मानव प्रकृति, सपनाको प्रक्रियामा दुस्वप्नको प्रवेश, बलजफ्ती थोपरिएको अथवा हिप्नोटाइज्ड गरेर बिगारिएको सपना, सपनामा भ्रष्टाचारको प्रवेश, कुलतमा परिणत भएको भ्रष्टाचारको प्रकृति आदि ।

सपना देख्नु नराम्रो होइन । तर, प्राकृतिक वा अप्राकृतिक किसिमले सपना म्यानिपुलेटेड भए भने सपना देख्ने मान्छे, समाज र राष्ट्र समेत (मानसिक) बिमारी हुनसक्छ। सुखी जीवनको चाहना जीवनभरि मात्र होइन जीवनपश्चात् पनि रहेको पाइन्छ । त्यसैले समाजमा राम्रो काम, पाटीपौवा, धर्म-कर्म आदि गर्नुपर्छ भन्ने हाम्रो समाजको परम्परादेखि नै मान्यता रहिआएको छ ।

पछिल्लो समय नेपालीको अमेरिका लगायत विकसित देश जाने सपना त्यसको एउटा अङ्ग मात्र हो । सरकार नै मानव तस्करीमा लागेको देखिने विडम्बनापूर्ण दुष्कर्मको अर्को पक्ष हो- यति धेरै जोखिम मोलेर, खर्च गरेर नेपाली किन अमेरिका जान चाहन्छन् ? यो बाध्यता र रहर पछाडिका कारण के के हुन् ? आम चरित्र बनेको विदेसिने कामको कारण र परिणाम विविध छन् ।

### अमेरिका सपनाको जग

हाम्रो समाजमा सानैदेखि 'ठूलो मान्छे हुन' सिकाइन्छ। 'उद्देश्य के लिनु उडी छुनु चन्द्र एक' महाकवि लक्ष्मीप्रसाद देवकोटाको राम्रो कविता हो । तर सानै उमेरमा यही भनियो भने कसरी ठूलो मान्छे बन्ने भन्ने कुरा दिमागमा बस्छ । हाम्रोमा ठूलो मान्छे हुन धेरै धन हुनुपर्छ । त्यो धन कसरी प्राप्त गर्ने ? चोरचार र भ्रष्टाचार गरेर वा जसरी भए पनि भन्ने उत्प्रेरणा भइरहेको हुन्छ ।

मनोवैज्ञानिक रुपमा हेर्दा कोही ठूलो हुन अरु कोही न कोही सानो हुनुपर्छ । तुलना नभई ठूलो-सानोको कुरा भएन । त्यसैले आफू ठूलो हुन अर्कोलाई सानो बनाउने, खुट्टा तान्ने अभ्यास संस्थागत भएको देखिन्छ। यस्तो सोचले पनि हामीलाई भ्रष्टाचार गर्न प्रेरित गरिरहेको हुन्छ ।

बाल्यकालदेखि नै हामीमाथि डाक्टर, इन्जिनियर बन्ने सपना थोपरिन्छ, पैसा कमाउन, ठूलो हुँ भन्ने धाक लगाउन । यो पनि ठूलो बन्ने आसक्तिसँग जोडिएको हुन्छ । सामाजिक सञ्जालमा सन्तानको जन्मदिन लगायत शुभदिन/कार्यमा 'मेरी छोरी डा. फलानो' भनेर उल्लेख गरिरहेका हुन्छन् । मेरो छोरा/छोरी मात्रै भन्दा भइहाल्थ्यो । चाहिने ठाउँमा लेख्नुपर्छ तर जहाँ पनि डाक्टरले डामिदिनैपर्ने अभ्यास पनि ठूलो देखिने/देखाउने सोचकै उपज हो । माया-ममता र शुभेच्छा व्यक्त गर्न श्रीमान-श्रीमतीले पनि एकअर्कालाई डाक्टर सम्बोधन गर्नुपर्छ र ?

कुराकानीको सन्दर्भमा सुकरातदेखि अन्य दार्शनिक लगायतलाई 'कोट' गरेको सुन्छु । सुकरातले यसो भन्थे, फलानोले यसो भन्थे भनेर । म उनीहरुलाई सोध्छु- म तिमीसँग कुरा गर्दैछु कि सुकरात र फ्रायडसँग ? साथीभाइको आत्मीयताको अगाडि संवादमा किन सुकरात र फ्रायड ल्याउनुपर्‍यो ? हामी असाध्यै कृत्रिम बनिरहेका छौं ।

कतिसम्म भने सुरुसुरुमा फेसबुक आउँदा मरेको मानिसले मुख बाइरहेको तस्वीर समेत पोस्ट गर्ने अभ्यास थियो । अहिले यो धेरै कम भइसकेको छ । समवेदना र संवेदनशीलता गुमाएर समवेदना व्यक्त गर्नुको के अर्थ हुन्छ र ?

नेपाल जाँदा मलाई कसैले सोध्यो, 'के नेपालले विकास गरेको छ ?' मैले भनें, 'गरेको त छ तर चाहिने जति छैन ।' उनले थपे, 'राष्ट्रिय योजना आयोगको उपाध्यक्षले कुर्सीमा बसेर सबैको हातहातमा मोबाइल छ, यो विकास नभए के त भनिरहेका थिए ।'

मैले सोधैं मात्रै, 'अमेरिकाले अर्को केही आविष्कार गरिदिन्छ अनि नेपालले अर्को फड्को मार्छ ?'

नेपालमा गृहयुद्ध चलिरहेको बेला एकजना नेपाली उल्टो साइकल चलाएर अमेरिका आइपुगे । उनले त्यहाँ अत्यधिक सम्मान चाहे र नपाउँदा रिसाए पनि । उनलाई पनि ठूलो मान्छे हुने धोको रहेछ ।

नेपालमा राणाकालमा दरबारका महिलाहरुको पहिरन तस्वीरमा देख्छौं । श्यामश्वेत तस्वीरमा पनि बेलायती घराना महिलाको जस्तै पहिरनसँग छुट्याउनै नसकिने देखिन्छ। सारी लगायत लगाउने त सामान्य मान्छेले हो। यो एकप्रकारले हाम्रो संस्कृति नै बन्दै आएको छ ।

मनोवैज्ञानिक रुपमै मानिस शक्तिसँग बढी आकर्षित हुन्छ । हाम्रा ठूला सभ्यताले साना सभ्यतालाई निले । ठूला सभ्यता र शक्तिसँग आकर्षित हुनु स्वाभाविकै हो । अमेरिका शक्तिशाली छ र यसप्रति आकर्षित हुनुलाई अन्यथा भन्न मिलेन । मान्छेको ईश्वर भक्ति र पूजा-आजामा पनि ईश्वरको सर्वशक्तिमान सत्ताले काम गरेको छैन भन्न सकिन्न । मान्छे उसैमा लीन हुन चाहन्छ । अमेरिकाको जस्तो अवसर नेपालमै सिर्जना गर्न सकियो भने अमेरिकाप्रतिको यस्तो मरिहत्ते मोह घटेर जान्छ ।

हामीमा एकप्रकारको लघुताभास देखिन्छ । अरुले प्रगति गर्दा हाम्रो मन खुम्चिन्छ । गरिब हुँदै गएपछि सोच्ने शैली नै बेग्लै हुँदै जान्छ । लघुताभासलाई जित्न पनि हामी बलियो, धनी नजिक हुन खोज्छौं । नेपालीको अमेरिका सपना समग्रमा एउटा जटिल विषय हो । यो अध्ययनको विषय बन्नुपर्छ। नक्कली भुटानी शरणार्थी प्रकरणलाई यिनै पृष्ठभूमिमा विश्लेषण गर्नुपर्छ ।

### अमेरिकामा के छ जुन नेपालमा छैन

म अमेरिका विश्वविद्यालयमा छात्रवृत्ति पाएर पढ्न आएको थिएँ । मेरो सुरुवाती सोच थियो- विद्यावारिधि सकेको भोलिपल्ट म नेपाल फर्कन्छु र विश्वविद्यालयमा पढाउँछु । मेरा दुई सन्तान छन् । यहाँ उनीहरुले सित्तैंमा पढ्न पाए । मैले आफैंले सोधैं, 'मैले यस्तै शिक्षा मेरा सन्तानलाई नेपालमा दिन सक्छु ? मेरो तलबले नेपालमा मैले उनीहरुलाई पढाउन सक्छु ?'

कम्तीमा मेरा सन्तानले प्लस टुसम्म यहीं पढून् भन्ने लाग्यो। पछि उनीहरुलाई छाडेर नेपाल फर्कन सकिएन। म सन् १९८५ मा अमेरिका आएको, हुँदाहुँदै ३८ वर्ष भइसकेछ ।

यहाँ केही सुविधा र सहुलियत छन् । थोरै कमाउन थालेपछि किस्तामा घरगाडी किन्न सक्नुहुन्छ । जुन सुविधा त्यतिबेला नेपालमा थिएन । नेपालमा एकमुष्ट र कम जम्मा पारेर घरगाडी किन्नुपर्थ्यो जुन सबैलाई सम्भव हुँदैनथ्यो ।

आधुनिक अर्थशास्त्रले अमेरिकामा मर्ने बेलामा सम्पत्ति लैजाने त होइन तर बाँचुञ्जेल सुविधामा बाँच्ने अवसर सिर्जना गरिदिएको छ। राज्यले सामान्य नागरिकलाई पनि ऋण पत्याउँछ जसको बलमा आधारभूत सुविधा नागरिकले प्राप्त गर्न सक्छन् । यो सुविधा अमेरिकामा प्रायः सबैलाई मिल्छ ।

नेपालमा पनि यस्तो अवसरको सिर्जना भयो भने अमेरिका आउन यति मरिहत्ते हुने थिएन ।

एउटा काल्पनिक कुरा गरौं । मानौं कि नजिकै एउटा पहाडमा सुनखानी भेटियो । त्यसलाई प्रशोधन गरेर बेच्न खर्च चाहियो । नेपालमा केही गर्न सकिंदैन । अमेरिकामा मुद्रास्फीति नहुने हदसम्म पैसा छाप्यो र त्यसैलाई प्रयोग गरेर सुन प्रशोधन गरेर बेच्दै क्षतिपूर्ति दिन सकिन्छ । पहिला बढी छापेको पैसा नष्ट गरिदिन सकिन्छ । मान्छे पनि धनी भए, अर्थतन्त्रलाई पनि केही असर परेन । यसरी अमेरिकामा सम्पन्नता देखिन्छ ।

यो काल्पनिक र अमूर्त उदाहरण हो । तर यसको एउटा सन्देश भने पक्कै छ । अमेरिका लगभग यस्तै गरिरहेको छ । नेपालमा यस्तो अर्थशास्त्र घोकेर बसिएको छ तर जीवन व्यवहारमा रुपान्तरण गर्ने ढंग र इच्छाशक्ति देखिंदैन । जसले आम नागरिकमा गरिबी र त्यसले पैदा गर्ने लघुताभास देखिन्छ ।

यस्तो लघुताभास नेपालमा मात्र नभएर यो क्षेत्रमै देखिन्छ । कुनै बेला भारत संसारकै धनी देश थियो । भारतमा पहिला ग्रीकहरु गए, अलेक्जेन्डर गए, मुसलमानहरु गए, त्यसपछि ब्रिटिश गए । यी सबैबाट थिचोमिचोमा पर्दापर्दा देश गरिब भयो । हाम्रो महादेशमै विद्यमान न्यूनताभासको हिस्सेदार हामी पनि भएका छौं । त्यसबाट उठ्न निकै समय लाग्छ । किनकि लघुताभास र भ्रष्टाचार हाम्रो आदत र लत बनेको छ । यसबारे सोचेर, ध्यान गरेर उक्सन सकिन्छ । राजनीतिक, सामाजिक र आर्थिक रुपमा उक्सिएपछि सायद यसको अन्त्य होला ।

### बर्मा गए कर्मसँगै

अमेरिका आए पनि नेपालीलाई ठूलो मान्छे बन्ने लत छुट्दैन । नेता बन्ने र नेतासँग नजिकिने अभ्यास टुट्दैन । २/४ जना नेपाली बसेर एउटा संगठन खोलिहाल्छन् । त्यसको उद्देश्य कोही नेता आउँदा बोलाउने, फोटो खिच्ने। नेपाल गएको बेला नेता भेट्ने बाटो खोज्यो । हल्काफुल्का ज्ञान दिए जस्तो पनि गर्‍यो । मेरो सबैतिर पहुँच छ भन्ने देखायो ।

कति नेपाली अमेरिका आइपुगेर नेपालीबाटै ठगिएका उदाहरण पनि छन् । यद्यपि नेपालप्रति माया छ, मातृभूमिका लागि केही गरौं भन्ने भावना पनि छ । निस्वार्थ गरौं भन्ने पक्ष अलि कमजोर देखिन्छ । सिद्धान्ततः निस्वार्थ गर्नु अप्ठ्यारो काम पनि होला । सानोतिनो काम गरेर पत्रिका र सामाजिक सञ्जालमा छपाउने र अन्तर्वार्ता दिने अभ्यास हामीले देखिरहेकै छौं ।

यता देशमा पनि न्यायको नारा लगाउँदै माओवादी उदय हुँदा मलाई धेरै पत्यार लागेको थिएन। तर कम्तीमा शिक्षा र न्यायका लागि काम गर्लान् भन्ने लागेको थियो । हुन त कम्युनिज्मको सफलता नै उनीहरुको असफलताको कारण बन्छ । जस्तो, उनीहरु गाँस, बास र कपासको कुरा गर्छन् । त्यही प्राप्त भएपछि नागरिकले स्वतन्त्रता खोज्छन् । पहिलो संविधानसभापछि मन्त्रिमण्डलमा जानेभन्दा माओवादीका नेताहरु गाउँ गएर काम गर्न रुचि राख्लान् भन्ने थियो । तर मन्त्री बन्न पो हानथाप गरे। शान्ति प्रक्रियामा आएको कम्तीमा एक दशक यस्तो हुँदैन भन्ने लागेको थियो, तर म गलत ठहरिएँ ।

आखिर भ्रष्टाचार त हाम्रो आदत न हो । माओवादी पनि यही समाजबाट आएका । उनीहरु पनि पुरानै व्यवस्थामा क्रान्तिकारी ढंगले नै तीव्र अनुकूलन भए । उनीहरु पनि भ्रष्टाचारको संस्कृतिबाट बाहिर जान सकेनन् ।

नपाउन्जेल चर्का कुरा गर्ने नयाँ पुस्ता पनि अवसर पाउनासाथ यही अभ्यासमा अनुकूलन हुन सक्छ । यसलाई रोक्न आलोचनात्मक चेत सहितको शिक्षा र सामाजिक सुरक्षा अनिवार्य हुन्छन् । आर्थिक अभावमा सरकारले नै नागरिकलाई ऋण दिन सक्छ ।

सरकार छ, यसले सन्तानको शिक्षादीक्षा र भविष्यमा आइलाग्ने स्वास्थ्य लगायत समस्यामा साथ दिन्छ भन्ने विश्वास जगाउन सक्दा भ्रष्टाचारसँग देशबाट बाहिरिने क्रम पनि रोकिन्छ । अमेरिकाले दिइरहेको यो सुविधा नेपालले पनि दिनसक्छ । नेपालमा प्रविधि भित्र्याउँदै प्रयोगमा प्रोत्साहन गर्ने अभ्यास कमजोर छ । व्यवस्थापनको महत्व नबुझ्ने र नदेख्ने प्रवृत्ति पनि नेपालमा छ । त्यसको लागि राज्य चलाउनेसँग सोच हुनुपर्छ ।

यसका लागि हामीले ठूला-ठूला परियोजनामा काम गर्नुपर्ने हुन्छ । उदाहरणको लागि, पूर्व मेचीदेखि महाकालीसम्म, जहाँ तराई सुरु हुन्छ र पहाड सकिन्छ, त्यहाँ ठूलो नहर बनाऔं । त्यहाँ पारवहन गर्न मिल्छ । रिक्रिएसन खोल्न मिल्छ । सिंचाइ त आधारभूत काम भइहाल्यो । तराईमा पानीको तह तलतल गएको बेला रिचार्ज पनि हुन्छ । खाली ठाउँमा पटक-पटक बिजुली निकाल्न सकिन्छ । धेरै मानिसले रोजगारी पाउँछन् । यसले अर्थतन्त्रलाई चलायमान बनाउँछ ।

धेरैलाई यो वाहियात् परिकल्पना लाग्न सक्छ तर समृद्धिको यात्रा यसरी नै सुरु हुने हो । केही नगर्ने हो भने त ढुंगे र गुफा युगतिर फर्किए भइहाल्यो ।

### 'कोर्स करेक्सन' कसरी ?

सामान्यतः भ्रष्टाचार हुन्छ भनेर

...बाँकी पृष्ठ ३ मा

# सूचना अधिकारीले २४ सै घण्टा सूचना दिन तयार हुनुपर्छः मन्त्री श्रेष्ठ

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले हरेका तहमा रहेका सूचना अधिकारीले २४ सै घण्टा सूचना दिन तयार हुनुपर्नेमा जोड दिनुभएको छ । सोमबार बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आयोजनामा सूचनाको हकसम्बन्धी ऐन प्रवर्द्धनबारे छलफल तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले सूचना हरेक मानिससमक्ष पुऱ्याउनुपर्ने भन्दै यस्तो धारणा राख्नुभएको हो ।

सूचनाको हक लोकतन्त्रको प्रयास रहेको बताउँदै मन्त्री श्रेष्ठले सूचना लिन आउनेलाई सूचना अधिकारीले प्रक्रिया पुऱ्याएर सूचना दिनुपर्नेमा जोड दिनुभएको हो । सरकारको कुनै विभागको सूचना अधिकारीको पदमा रहेको कर्मचारीले आवश्यक परेको खण्डमा २४ सै घण्टा सूचना दिन तयार हुनुपर्ने बताउनु भएको हो । सूचना अधिकारीहरुले काम अनुसार को सेवा सुविधा नरहेको गुनासो राखेकाले प्रदेश सरकारले नीतिगतरुपमा गर्नुपर्ने तयारी गरिरहेको जानकारी दिनुभयो । सूचनाको हक सबैलाई भएकोमा सूचनाको दुरुपयोग गर्न नपाइने बताउँदै सूचना नदिएको खण्डमा सूचना अधिकारीविरुद्ध उजुरी दिन मिल्ने व्यवस्था रहेको स्मरण गराउनुभयो ।

*सूचना नागरिकसँग सरल भाषामा सबैले बुझ्नेरुपमा प्रबाह गर्नुपर्ने बताउनुभयो । सूचनाको हकको विषयमा धेरै उजुरी नआउनु पनि सबै तहका मानिसमा यस विषयमा कानुनी प्रक्रिया थाहा नै नहुनु भएको हुनसक्ने बताउनुभयो ।*

पछिल्लो समय सरकारले सूचना लुकाउने गरेको आरोप लाग्दै आएकोमा प्रदेश सरकार सूचना जनतासमक्ष कसरी पुऱ्याउन सकिन्छ भनेर लागिपरेको जानकारी गराउनुभयो । बागमती प्रदेश सरकारले आफूले गरेको कामको बारेमा प्रत्येक महिना पत्रकारहरुसँग छलफल गर्ने बताउनुभयो । नेपालको संविधान २०७२ मा सूचनाको हकसम्बन्धी ऐन २०६५ र नियमावली २०६५ जारी भएको छ भने प्रदेश सरकारले प्रदेश सूचनासम्बन्धी ऐन, २०७६ जारी गरेको तर नियमावली निर्माणको तयारीमा रहेको मन्त्री श्रेष्ठले जानकारी दिनुभयो ।

अन्तरक्रियामा प्रदेश सूचनाको हकसम्बन्धी ऐनबारे प्रदेश सूचना पुनरावेदन समितिका सदस्य कृष्ण सारु मगरले जानकारी गराउनु भएको थियो । उहाँले सूचना पाउनु हरेक नागरिकको हक रहेकाले सूचना सबैले प्राप्त गर्नुपर्नेमा जोड दिनुभयो । बागमती प्रदेश सरकारले चितवन, काठमाडौं, नुवाकोट र मकवानपुर गरी ४ जिल्लामा सूचनाको हकसम्बन्धी कार्यक्रम गरेको जानकारी दिनुभयो ।

छलफलको क्रममा कानुन व्यवसायीले सरकारले सूचनाको हकसम्बन्धी कानुन त बनाएको तर स्पष्ट नभएको धारणा राखेका थिए । व्यक्तिगत सूचना र सार्वजनिक सूचना प्रबाहसम्बन्धी कानुन नै छुट्टै हुनुपर्ने धारणा रहेको छ । छलफलका क्रममा बागमती प्रदेश सञ्चार रजिष्ट्रार रेवतीप्रसाद सापकोटाले सूचनामा सबैको हक रहेकाले सबैले जिम्मेवारपूर्ण नागरिक भएर सूचना लिनुपर्नेमा जोड दिनुभयो ।

सूचना नागरिकसँग सरल भाषामा सबैले बुझ्नेरुपमा प्रबाह गर्नुपर्ने बताउनुभयो । सूचनाको हकको विषयमा धेरै उजुरी नआउनु पनि सबै तहका मानिसमा यस विषयमा कानुनी प्रक्रिया थाहा नै नहुनु भएको हुनसक्ने बताउनुभयो । आन्तरिक मामिला तथा कानुन मन्त्रालय सचिव ध्रुव गैडाले सरकारले सबै तहमा सूचनाको पहुँच पुऱ्याउन नसकेको बताउँदै आगामी दिनमा बागमती प्रदेश सरकारले नीति नै निर्माण गरी सूचनाको पहुँच पुऱ्याउने बताउनुभयो ।

# सहकारीमा चोरी गरेको अभियोगमा अशोक र अकबर पक्राउ

समाज संवाददाता

हेटौँडाः सहकारी संस्थामा चोरी गरेको अभियोगमा मकवानपुरको ईन्द्रसरोवार गाउँपालिकाका अशोक रुम्बार अकबर लामालाई प्रहरीले पक्राउ गरेको छ । गत बैशाख १७ गते काभ्रे जिल्लाको पनौती नगरपालिका-७ मा रहेको पनौती सामुदायिक सहकारी संस्थाबाट ३३ लाख रुपैयाँ चोरी भएको प्रहरीले जनाएको छ ।

सहकारीमा चोरी गरेर मकवानपुरको ईन्द्रसरोवर गाउँपालिकामा लुकिछिपी बसेको भन्ने सूचनाको आधारमा प्रहरीले सोमबार खोजतलास गर्ने क्रममा अशोक र अकबर प्रहरी चौकी फाखेलबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको जनाएको छ । अशोक र अकबर ईन्द्रसरोवर गाउँपालिका-५ का स्थायीबासी भएको प्रहरीले जनाएको छ । प्रहरीले अकबर लामाको साथमा नगद पाँच लाख पैँतालिस हजार रुपैयाँसहित एक नाले भरुवा बन्दुक र एक थान रड भेटिएको जनाएको छ ।

## नेपालीको अमेरिका...

सोच्ने हो भने त्यसको कसरी न्यूनीकरण गर्ने भन्नेतर्फ उपाय सोच्नुपर्छ र तदनुरुप काम गर्नुपर्छ। कुनै पनि अन्य समस्या जस्तै भ्रष्टाचार पनि बहुआयामिक हुन्छ । त्यसैले यसको समाधान उपाय पनि बहुआयामिक नै हुन्छ । नेपालमा भ्रष्टाचार अब एउटा खराब लत वा आदतको रुपमा परिणत हुन लागेको जस्तो देखिन्छ ।

रक्सी र चुरोट पिउनु राम्रो होइन भन्ने थाहा हुँदाहुँदै पनि मान्छेले यसलाई छोड्न सक्दैन । भ्रष्टाचार हामी नेपालीको आदत नै बनेको छ । आदत बनेको कुरा थाहै नपाई गरिन्छ । जस्तो कि हामी नेपाली स्वतः सिक्छौं, तर अंग्रेजी सिक्न अलि गाह्रो हुन्छ । भ्रष्टाचार यसैगरी आदत बनेको छ। कतिपयलाई भ्रष्टाचार गरेको छु भनेर थाहै हुँदैन ।

सानैदेखि हाम्रो समाजमा बालबालिकालाई 'उद्देश्य के लिनु उडी छुनु चन्द्र एक' भनेर पढाइन्छ र महत्वाकांक्षी बनाउन सिकाइन्छ । समाजबाट हामीले धेरै कुरा सिक्छौं । अनुहार र आनीबानी अभिभावक र समाजबाट समेत बच्चामा सर्छ । भ्रष्टाचार समाजिक आदतमा परिणत भइसकेपछि एउटा पुस्तादेखि अर्को पुस्तामा थाहै नपाई स्वतः सर्छ । नेपाली समाज राणाशासन अघिदेखि नै भ्रष्ट देखिन्छ । बिहान-बेलुका धर्मकर्म गर्ने मानिसहरु दिनभरि ठगिरहेको देखिन्छ ।

भ्रष्टाचार भइरहेको छ/गरिरहेका छौं भन्ने मानसिक रुपमै महसुस गराउन स्कुल, घर-परिवार मार्फत सिकाउनुपर्छ । सानो छउन्जेल बच्चालाई स्कुलमा शिक्षकले र ठूलो भएपछि छोरोलाई बुहारीले ठिक पारिदिए हुन्थ्यो भन्ने सोच हाम्रो समाजमा पाइन्छ । त्यसैले बालबालिकालाई सानैदेखि बेग्लैखाले शिक्षा दिनुपर्छ ।

यस्ता अभ्यासहरु हामीले आलोचनात्मक सोचका साथ बदल्नुपर्ने हुन्छ । शिक्षकले भनेका कुरा हामी ब्रह्मवाक्यका रुपमा स्वीकार्छौं । हामीले प्रयत्न गऱ्यौं भने निश्चित समयपछि हाम्रो सोच बदल्न सक्छौं । आदत र लत बदल्न पहिला महसुस हुनुपर्छ, जसरी शरीर फोहोर भयो भन्ने स्वीकारोक्ति पछि हामी नुहाउँछौं ।

पहिले पहिले जिल्लाको सीमा पार गरेर गएपछि फर्कंदा पानी छर्केर चोख्याउने चलन थियो । भूमण्डलीकृत आजको संसारमा यो चल्दैन । मानिसको आवतजावत रोक्न सकिन्न । रहर भन्दा बाध्यताले बाहिर जानेहरु धेरै छन् । हामी अमेरिकाको कुरा गरिरहेका छौं । बम्बईमा नेपाली चेलीहरु बेचिन थालेको कति भयो ? एक जना कुनै एक युवा पत्रकारले कतै लेखेको पढेको थिएँ, 'मसँग मेरो बाबुआमा खुशी छैनन् । म छोरी हुन्थें भने बम्बई गएर बाबुआमालाई खुशी दिने थिएँ । उहाँहरु म छोरो भएकोमा खुशी हुनुहुन्न ।' यो मर्मस्पर्शी भनाइ पढ्नुपर्ने कति दुःखद अवस्था छ हामीसँग ।

कुनैबेला लाहुर जाने कुरा रोक्नुपर्छ, अर्काको देशमा रगत-पसिना बगाउन जाने अभ्यास बन्द गरिनुपर्छ भनेर आवाज उठाइन्थ्यो । अहिले पैसा दिएर, भिसा लगाएर मिडल इष्ट (खाडी मुलुक)मा काम गर्न पठाउँछन् । त्यहाँ पसिना मात्र होइन, अनेकौं शोषणमा परेका हजारौं उदाहरण छन् ।

नेपालका शासकहरुले खाने तलबमा विदेशमा शोषणमा परेका युवायुवतीको रगत-पसिना र बम्बईमा बेचिएका छोरीहरुको यौनको गन्ध आउँदैन ? उनीहरुलाई सम्झेर केही गर्नुपर्ने होइन ? हाम्रो सोच र आलोचनात्मक चेतको कारणले यी सबै भइरहेको छ ।

हाम्रो अर्थतन्त्र नै रेमिटेन्सले चलिरहेको छ । यो बन्द भयो भने देश कसरी चल्छ ? यो कुरा कसैले सोचेको छ ? वैदेशिक रोजगारीले परिवार र सामाजिक संस्थाहरुको विघटन र दम्पती बीचमा पैदा भएको असमझदारी र सम्बन्धविच्छेदको दर्दनाक कहानी छँदैछन् । बाकसमा फर्कनुपरेको लगायत हृदयविदारक घटनाहरु सामान्य बनिरहेका छन् ।

यसले देशभित्र र बाहिर रहेका सबै नेपालीलाई घच्घच्याउनुपर्ने हो र केही गर्नुपर्ने हो । तर यस्तो भइरहेको छैन । नयाँ पुस्ता आइरहेको छ । दुई-चार पुस्तापछि केही बदलाव आउँछ कि ? नयाँ पुस्ताले आलोचनात्मक सोच राख्नुपर्छ । पाठ्यक्रममा नै यसलाई सिकाइनुपर्छ । हाम्रो खराब आदत र लतलाई जरैदेखि भत्काउने महत्वपूर्ण औजार सही शिक्षा नै हो, गलत शिक्षाले हामीलाई गलत बाटोमा हिंडाउँछ ।

जहिले पनि शासकहरु अरुभन्दा शिक्षित नै हुन्छन् । महाभारत र हाम्रा आदिम अभ्यासहरुमा यही देखिन्छ । राणाशासन भनौं वा अन्य व्यवस्थामा अशिक्षित भन्दा सापेक्ष रुपमा शिक्षितले नै शासन गरे । शासक नजिक भएर शासन-प्रशासन चलाउने उनीहरु नै हुन्थे ।

### शक्ति रहेसम्म आकर्षण रहन्छ

अमेरिकातिरको आकर्षण शक्तिकै कारण हो । अमेरिकाको शक्ति रहेन भने यतातिरको आकर्षण कम हुन्छ । शक्ति र सभ्यता पश्चिमबाट पूर्वतिर सर्ने हो भने अमेरिका मोह घट्छ । दक्षिणपन्थी सोच संसारभरि नै देखिएको छ। सूचनाप्रविधिको विकासले संसारको कुनै स्थानमा भएको घटना वा गतिविधि संसारभरि क्षणभरमै फैलन सक्छ ।

सामान्यतः ७० को दशकमा इराकमा खुमेनी आएपछि दक्षिणपन्थी हावा चल्न सुरु भयो । कुनैबेला संसारभरि नै कम्युनिज्म आउँछ भनेजस्तो थियो । सोभियत संघ, चीनहुँदै पूर्वी-युरोपसम्म कम्युनिस्ट थिए । अहिले ती रहेनन् । कुनैबेला फ्रायडिन दृष्टिकोण अनुसार विश्लेषण गर्नेहरुको लहर थियो । बीपी कोइरालाका कैयौं उपन्यासमा यसैको प्रभाव देखिन्छ । अहिले भने दक्षिणपन्थी लहर देखिन्छ ।

विस्तारै पूर्वी गोलार्धका देशहरु शक्तिशाली बन्दै गइरहेका छन् । शक्तिशालीतिर आकर्षण बढ्दै जान्छ । भारत शक्तिशाली बन्दै गयो भने भारतमोह बढ्न सक्छ । तर अझै लामै समय अमेरिका आकर्षण रहिरहनेछ ।

(हार्वर्ड युनिभर्सिटी र युनिभर्सिटी अफ फ्लोरिडाको पूर्वप्राध्यापक गौतमसँगको कुराकानी) *(स्रोतः अनलाईनखबर)*

# बकैयामा ट्रक, नवलपुरमा मोटरसाइकल दुर्घटना

समाज संवाददाता

हेटौँडाः मकवानपुरको बकैया गाउँपालिकामा मालबाहक ट्रक र हेटौँडा-११, नवलपुरमा मोटरसाइकल दुर्घटना भएको छ । मंगलबार बिहान १ बजेर ३० मिनेटको समयमा हेटौँडा-सिन्धुली सडकखण्डको बकैया गाउँपालिका-३, तीनतलेमा सिमेन्ट लोड ट्रक दुर्घटना भएको हो ।

नवलपरासीबाट सिमेन्ट लोड गररी सिन्धुली जाँदै गरेको ना ८ ख ४०९६ नम्बरको ट्रक ब्रेक फेल भएर सडकबाट करिब ५० मिटर तल खसी दुर्घटना भएको हो । दुर्घटनामा कुनै किसिमको मानवीय क्षति नभएको प्रहरीले जनाएको छ । यस्तै मंगलबार बिहान १२ बजेर ४५ मिनेटको समयमा हेटौँडा-११, नवलपुरमा ना ३९ प १८९७ नम्बरको मोटरसाइकल दुर्घटना भएको छ । दुर्घटनामा परी मकवानपुर जिल्लाको बकैया गाउँपालिका-४, छतिवनका ३२ वर्षीय जनक बहादुर स्याङ्तान घाइते भएका छन् । घाइते स्याङ्तानलाई उपचारका लागि चुरेहिल अस्पताल पठाइएको प्रहरीले जानकारी दिएको छ ।

# आगलागीबाट दुई लाख बराबरको क्षति

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिका-१९, ठूलो बसेनीमा आगलागी हुँदा दुई लाख रुपैयाँ बराबरको क्षति भएको छ । आइतबार साँझ ६ बजेर ३० मिनेटको समयमा लालबहादुर गोलेको काठ र टिनले छाएको गोठमा अचानक आगलागी भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

आगलागीबाट गोठमा रहेका सामानहरु पूर्णरुपमा जलेर नष्ट भएको थियो । गोठमा रहेको ५ वटा बाख्रा र २ वटा गोरु जलेर घाइते भएको बताइएको छ । आगलागीबाट मानवीय क्षति नभएको प्रहरीले जनाएको छ ।

# विराटनगरको सेन्ट्रल मलबाट खसेर युवकको मृत्यु

विराटनगरः विराटनगरको मुख्य बजारमा रहेको सेन्ट्रल मलबाट खसेर एक युवकको मृत्यु भएको छ । मलको तेस्रो तल्लाबाट खसेका विराटनगर महानगरपालिका -५ कोचाखालका २३ वर्षीय मुकुन्द काफ्लेको मृत्यु भएको छ ।

प्रहरीका अनुसार वैशाख ३१ गते साझ काफ्लेले सेन्ट्रल मलको तीन तल्ला माथिबाट झरेका थिए । माथिबाट झरेर गम्भीर घाइते भएका उनलाई उपचारका लागि कोसी अस्पतालमा भर्ना गरिएको थियो। उपचारको क्रममा सोमबार मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङका डिएसपी रञ्जनकुमार दाहालले बताए ।

तीन तला माथिबाट आफै झरेको सिसीटिभी फुटेजमा देखिएको उनले बताए ।

आत्महत्या गर्ने मनसायले झरेको जस्तो देखिएको बताउदै उनले घटनाको अनुसन्धान भइरहेको बताए। प्रहरीले मंगलबार कोशी अस्पतालमा पोष्टमार्टम गरी उनको शव परिवारलाई जिम्मा लगाएको छ । *(स्रोतः अनलाईनखबर)*

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

# सालको पत्करबाट कम्पोष्ट मल

समाज संवाददाता

हेटौँडाः डिपाड सामुदायिक वन मनहरीले जगंलमा कम्पोष्ट मल बनाउने कार्य सुरु गरेको छ । सामुदायिक वनको लगानीमा सालको पत्कर संकलन गरेर कम्पोष्ट मल बनाउने कार्य सुरु भएको हो ।

सालको पत्करबाट कम्पोष्ट मल बनाउने कार्य सुरुवाती चरण रहेको राप्ती वनका प्रमुख विष्णुप्रसाद आचार्यले जानकारी दिनुभयो । मल बानाउने काम पहिलो चरणको भएकाले परीक्षणाको अवस्थामा रहेको उहाँको भनाई छ ।

सालको पत्करले वन डढेलो लाग्ने भएकाले वन डढेलोबाट बचाउन पनि पत्कर संकलन गरी कम्पोष्ट मल बनाउने उद्देश्य सामुदायिक वनले राखेको छ । खेर गएको पत्करको सदुपयोग हुने र मल बिक्री भई सामुदायिक वनको आर्थिक उन्नति पनि हुने आचार्यले बताउनुभयो । वन व्यवस्थापनको नीति नै बनाएर अगामी दिनमा अगाडि बढ्न सरकार तयार रहेको उहाँको भनाई छ । सरकारले सामुदायिक वनको कार्य राम्रो भएको जनाएको र मन्त्रालयले यस्ता वन संरक्षणको कामलाई उच्च प्राथमिकतामा राखेर अगाडि बढेको उहाँले जानकारी दिनुभयो ।

डिपाड सामुदायिक वनले चारवटा खाडल बनाई कम्पोष्ट मल बनाउन सुरुवात गरेको भए पनि अहिले २ वटा खाडलमा परीक्षणको काम गर्दै आएको छ । मल बनाउने काम पहिलो चरणको भएकाले अन्यत्र जिल्लाहरुबाट सहयोग–सल्लाह माग गरी काम गर्दै आएको आचार्यको भनाई छ । मल बनाउने कार्य सफल हुँदै गएमा आगामी दिनमा मल बनाउने कार्यलाई बढावा दिँदै जाने उहाँको भनाई छ ।

# युवा संघको स्थापना दिवसमा रक्तदान




*रक्तदान गर्दै रक्तदाता ।*

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय युवा संघ नेपालको ३४औं स्थापना दिवसको अवसरमा राष्ट्रिय युवा संघ नेपाल मकवानपुर जिल्ला कमिटीको आयोजनामा सोमबार हेटौँडामा रक्तदान कार्यक्रम भएको छ । कार्यक्रममा २० जनाले रक्तदान गरेका छन् ।

युवा संघ मकवानपुरका अध्यक्ष लक्ष्मण उप्रेतीको अध्यक्षता तथा नेकपा एमाले केन्द्रीय कमिटी सदस्य तथा मकवानपुर जिल्ला इन्चार्ज रामेश्वर रानाको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रम भएको हो । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाले प्राविधिक सहयोग गरेको थियो । रगतको मागअनुसार वितरणका लागि रगतको मौज्दात रहेको रक्तसञ्चार केन्द्र हेटौंडाले जानकारी दिएको छ । यसअघि आइतबार जेसीआई हेटौंडाको आयोजनामा भएको रक्तदान कार्यक्रममा २९ जनाले रक्तदान गरेका थिए ।

कर्मचारी सञ्चय कोष हेटौडा शाखा कार्यालयबाट धितोमा आधारित कर्जा लिई किस्ता नियमित नगर्ने र भाखा नाघेका कर्जाका

**ऋणीलाई साँवा, ब्याज भुक्तानी गर्ने सम्बन्धी जरुरी सूचना**

सूचना प्रकाशित मिति :(२०८०/०२/०२ गते

कोषको यस शाखा कार्यालयबाट विभिन्न मितिमा घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी र जग्गा खरीद सापटी लिएका ऋणी सञ्चयकर्ताले कोषलाई बुझाउनु पर्ने रकम (नियमित त्रैमासीक ब्याज, बक्यौता ब्याज तथा भाखा नाघेका कर्जाका ऋणी सञ्चयकर्ताले कोषलाई तिर्नुपर्ने सम्पूर्ण साँवा ब्याज रकम) २०८० आषाढ मसान्तसम्म कोषको बैंक खातामा जम्मा गर्नुहुन अनुरोध गरिन्छ । नियमित त्रैमासिक ब्याज भुक्तानी गर्ने सञ्चयकर्तालाई कोषले तोकीए बमोजीमको ब्याज छुट दिने व्यवस्था रहेको समेत जानकारी गराईन्छ । कर्जा नियमित नगरेको अवस्थामा कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता असुली विनियम २०७९ बमोजिम असुली प्रक्रिया अघि बढाईने ब्यहोरा जानकारी गराईन्छ ।

**कोषमा रकम भुक्तानी गर्ने प्रक्रिया**

-सञ्चय कोषमा kyc अध्यावधिक गरेका सञ्चयकर्ताले Connect IPS मार्फत
-सञ्चय कोषमा kyc अध्यावधिक नगरेका सञ्चयकर्ताले देहायका बैंक खातामा रकम जम्मा गरी
hetauda@epf.org.np मा भौचर पठाउन हुन अनुरोध छ ।

| क.स. | बैंकहरुको नाम | खाता नम्बर | |
|---|---|---|---|
| १. | माछापुछ्रे बैंक | उल्लेख गर्नु नपर्ने | Connect Ips मार्फत बुझाउन |
| २. | ग्लोबल आइएमई बैंक | ३०४०१०१०००१३३० | भौचर मार्फत तिर्न |

फोन नं. ०५७-५२४३६४

विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय पठाऔं । बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गरौं ।
समृद्ध समाज राष्ट्रिय दैनिक

# मेयर कप बुद्धिचालको उपाधि जैसवाललाई



समाज संवाददाता

हेटौंडाः हेटौंडा मेयर कप राष्ट्रव्यापी खुला रेटिङ बुद्धिचाल प्रतियोगिताको उपाधि आयोजक हेटौंडा चेस क्लबका फिडे मास्टर रुपेश जैसवालले जितेका छन्। मंगलबार सम्पन्न प्रतियोगिताको उपाधि हात पार्दै जैसवालले नगद १ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका हुन्।

नेपाल च्याम्पियनसमेत रहेका जैसवाल हेटौंडाका निवासी हुन्। प्रतियोगितामा काठमाडौंका सुरवीर लामा द्वितीय र हेटौंडाका अनिल राजबाहक तृतीय भएका छन्। द्वितीय लामाले ५० हजार रुपैयाँ र तृतीय राजबाहकले २५ हजार रुपैयाा प्राप्त गरेका छन्। प्रतियोगितामा ललितपुरका विलमलाल श्रेष्ठ चौथो र कपन चेस क्लबका सुस्रत दाहाल पाँचौ भएका छन्। दुबै जनाले २०-२० हजार रुपैयाँ प्राप्त गरेका छन्।

छैटौं भएका हेटौंडा चेस क्लबका पुरुषोत्तम चौलागाई, कृष्ण थापा, क्षितिज भण्डारी, निकेन कुवास्थ र श्रीलंकाकी एसडी रणसिंगेले जनही १५ हजार रुपैयाँ प्राप्त गरेका छन्। प्रतियोगिताको वेस्ट लोकल सुन्दर कार्की, वेष्ट महिला खेलाडी सिन्धिरा जोशी, वेष्ट भेट्रान नवीन ताण्डुकार, वेष्ट यु-१२ अबिन पाण्डे, वेष्ट यु-१४ आयुष डेमनदौरा, यु-१६ तर्फ पुरुषोत्तम सिलवाल, यु-१८ तर्फ रिसोन थापा घोषित भएका छन्। यस्तै वेष्ट अनरेटेडमा रुपेशप्रसाद पालिखेल, वेष्ट रेटिङ १४०० मा सुजन कुमाल, वेष्ट रेटिङ १६०० मा निशान श्रेष्ठ तथा १८०० मा खोमप्रसाद तिमल्सिना घोषित भएका छन्। वेष्ट सबैलाई १०-१० हजार रुपैयाँ प्रदान गरेको छ। प्रतियोगितामा विजेताहरुलाई बागमती प्रदेश सरकारको सामजिक विकासमन्त्री कुमारी मोक्तान, बागमती प्रदेशसभा सदस्य एवम् नेपाल चेसका पूर्व केन्द्रीय अध्यक्ष एकालाल श्रेष्ठ, बुद्धिचाल संघको केन्द्रीय महासचिव एवम् हेटौंडा चेस क्लबका अध्यक्ष धरम लामा र मकवानपुर जिल्ला बुद्धिचाल संघका अध्यक्ष मनोज श्रेष्ठ लगायतले पुरस्कार वितरण गरेका थिए।

मकवानपुर जिल्ला बुद्धिचाल संघ, हेटौंडा चेस क्लब र नेपाल खेलकुद महासंघको संयुक्त आयोजनामा शुक्रबार देखि भएको प्रतियोगितामा करिब ९० जना खेलाडीहरुको सहभागिता रहेको थियो।

# ४१ पेशीमध्ये ११ मुद्धा फैसला

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला अदालतमा विभिन्न ४१ मुद्धा पेशी परेकोमा ११ मुद्धा फैसला भएको छ। सोमबार पेशीमा रहेका मुद्धामध्ये २३ वटामा आदेश र ७ वटा मुद्धा स्थगित भएको हो।

जिल्ला अदालतका न्यायाधीशहरु ऋषिराम निरौला, राजेन्द्र अधिकारी र मनकुमारी जीएम विकको इजलाशले मुद्धा फैसला गरेको छ। न्यायाधीश निरौलाको इजलाशमा चोरीको मुद्धा, सम्बन्धविच्छेदका २ मुद्धा र लेनदेनको मुद्धा फैसला भएको हो।

न्यायाधीश अधिकारीको इजलाशले लागूऔषध गाँजासमेतको मुद्धा, रोक्का निवेदन मुद्धा, चोरी मुद्धा र सम्बन्धविच्छेदको मद्धामा फैसला गरेको छ। यस्तै, न्यायाधीश जीएम विकको इजलाशमा मुलुकी फौजदारी संहिताको दफा १५५ बमोजिमको निवेदन मुद्धा, चोरी मुद्धा र सम्बन्धविच्छेदको मुद्धा फैसला भएको हो।

फैसला भएको मुद्धामध्ये ४ मुद्धा सम्बन्धविच्छेदको, २ वटा मुद्धा चोरीको, २ वटा मुद्धा रोक्का निवेदनको तथा लागूऔषध र लेनदेनको मुद्धा एक-एक वटा छन्। पछिल्लो समय सम्बन्धविच्छेदको मुद्धा धेरै रहेको छ। जिल्लामा सम्बन्धविच्छेदको घटनाहरु बढ्दै गएको देखिएको छ।

# स्वास्थ्य शिविर आयोजना गरिने

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयले स्थापना दिवसको अवसरमा स्वास्थ्य शिविर आयोजना गर्ने भएको छ। विद्यालयका परीक्षा शाखा प्रमुख कृष्णगोपाल श्रेष्ठले आउँदो जेठ १२ गते दन्तरोगसम्बन्धी शिविर आयोजना गर्न लागिएको बताउनुभयो। विद्यार्थी र शिक्षकलाई लक्षित गरी उक्त शिविर आयोजना गर्न लागिएको उहाँले जानकारी दिनुभयो।

वार्षिक उत्सवकै अवसरमा गत शैक्षिक सत्रका उत्कृष्ट विद्यार्थीलाई पुरस्कार वितरण गरिने श्रेष्ठले बताउनुभयो। यस्तै विभिन्न विधामा उत्कृष्ट विद्यार्थी र शिक्षकलाई प्रोत्साहन स्वरुप पुरस्कृत तथा सम्मानित गरिने उहाँले जानकारी दिनुभयो। ५६ वर्ष पूरा गरी ५७ औं वर्ष प्रवेश गरेको विद्यालयको स्थापना दिवस के कसरी मनाउने भन्ने विषयमा छलफल भने हुन बाँकी रहेको उहाँको भनाई छ।

विद्यालयको भौतिक वातावरणलगायतले प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा प्रभाव परिरहेको हुन्छ। हरित वातावरणले जसकोहीलाई पनि मन लोभ्याउन सकिन्छ। जसले गर्दा हरियाली वातावरणसागै विद्यार्थी, अभिभावक र शिक्षकका लागि विश्राम लिने स्थल निर्माण गरिएको बताउनुभयो। हेटौंडा उपमहानगर पालिकाले विभिन्न क्षेत्रमा नागरिकका लागि बनाइएका विश्राम स्थल जस्तै विद्यालयले पनि बनाइएको हो।

सानासाना बालबालिकाका लागि बाल विकास केन्द्रका कक्षाकोठामा वाल पेन्टिङ पनि गरिएको छ। विद्यालयलाई बालमैत्री बनाउने उद्देश्यले बालमैत्री झल्काउने पेन्डिङ गरिएको उहाँको भनाइ छ। जसले शैक्षिक वातावरणको अनुभूतिका लागि सहयोग पुग्ने उहाँको धारण छ। तुलनात्मक रुपमा पहिलाभन्दा भौतिक संरचनादेखि शैक्षिक कुरामा सुधार भएको बताउनुभयो। साना कक्षादेखि ठूला कक्षासम्मका विद्यार्थीलाई व्यवस्थित गरी गुणस्तरीय शिक्षा प्रदान गरिँदै आइरहेको उहाँको धारण छ। ५६ वर्ष पूरा भइरहँदा विद्यालयले भौतिक संरचनादेखि गुणस्तरीय शिक्षा प्रदान गर्न सबल भएको दावी छ। जेठ २ गते विद्यालयको स्थापना दिवस भएपनि कक्षा १२ का परीक्षा संचालन भइरहेकाले विद्यालयको स्थापना सरिएको जानकारी दिनुभयो। विद्यालयमा २ हजार ५ सय भन्दा बढी विद्यार्थी अध्ययनत् छन्।

# हाजिरीजवाफमा अनिषाको समूह प्रथम



प्रथम हुने समूहलाई पुरस्कार वितरण गरिँदै।

समाज संवाददाता

हेटौंडाः जेसीआई हेटौंडाले आयोजना गरेको खुला हाजिरीजवाफ प्रतियोगितामा अनिषा थापाको समूह प्रथम भएको छ। जेसीज सप्ताहको अवसरमा मंगलबार मकवानपुर बहुमुखी क्याम्पसमा भएको हाजिरीजवाफ कार्यक्रममा अनिषा थापा, वर्षा न्यौपाने र सुस्मिता कोइरालाको समूहले एक सय ५५ अंक प्राप्त गर्दै प्रथम हुन सफल भएका हुन्।

सुमित्रा न्यौपाने, सुरज कुमार यादव र विवेक तिमल्सिनाको समूहले एक सय ३० अंक प्राप्त गर्दै द्वितीय हुन सफल भएका छन्। सुनिल न्यौपाने, सन्ध्या देवकोटा र उचित बजागाईंको समूहले एक सय १५ अंक प्राप्त गर्दै तृतीय हुन सफल भएका छन्। प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः ९ हजार रुपैयाँ, ६ हजार रुपैयाँ र ३ हजार रुपैयाँले पुरस्कृत गरिएको छ।

१३ वटा समूहबीच प्रतिस्पर्धा गरिएको थियो। जेसीआई हेटौंडाका अध्यक्ष श्रवणकुमार बर्तौलाको सभाध्यक्ष तथा मकवानपुर क्याम्पसका संचालक समिति अध्यक्ष अनन्त पौडेलको प्रमुख आतिथ्यमा प्रतियोगिता भएको हो। जेसीजको सप्ताहको चौथो दिन हाजिरीजवाफ प्रतियोगिता भएको हो। यसअघि जेसीज सप्ताहको अवसरमा मनकामना अपहिल साइकल च्यालेन्ज, रक्तदान कार्यक्रम र वक्तृत्वकला प्रतियोगिता भइसकेको छ।

# विवेक उत्कृष्ट वक्ता

समाज संवाददाता

हेटौंडाः जेसीआई हेटौंडाले आयोजना गरेको वक्तृत्वकला प्रतियोगितामा विवेक आनन्द न्यौपाने उत्कृष्ट वक्ता घोषित हुनुभएको छ। जेसीआई हेटौंडाको जेसीज सप्ताहको अवसरमा आयोजित प्रतियोगितामा सहभागी ९ प्रतिस्पर्धीलाई पछि पार्दै न्यौपाने प्रथम हुनुभएको हो।

'सकारात्मक दृष्टिकोणका लाग युवा नेतृत्व' शीर्षकमा आयोजित वक्तृत्वकला प्रतियोगितामा सुदीन पौडेल हुनुभयो भने छोइसाङ लामा तृतीय हुनुभयो। सञ्जय कुमार न्यौपानेको संयोजनमा भएको प्रतियोगिताको निर्णायकमा पूर्वअध्यक्षहरु कुशकुमार रिजाल, कविन सांगामी र अन्जनी कुमार पराजुली रहनुभएको थियो।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई जेसीआई हेटौंडाका पूर्वअध्यक्ष धर्मकृष्ण श्रेष्ठले प्रमाणपत्र वितरण गर्नुभयो। जेसीआई हेटौंडाले सप्ताहव्यापी कार्यक्रमअन्तर्गत मनकामना अपहिल साइकल च्यालेन्ज र रक्तदान कार्यक्रम आयोजना गरिसकेको छ।

# महिला जनप्रतिनिधिद्वारा हेटौंडा अस्पताल अवलोकन



समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाका महिला जनप्रतिनिधिहरुले हेटौंडा अस्पताल अवलोकन गरेका छन्। सोमबार बिहान उपमहानगरभित्रका १९ वटै वडाका महिला वडा सदस्यहरुले हेटौंडा अस्पतालको सम्पूर्ण सेवा सुविधाबारे जानकारी लिएको वडा सदस्य महिला जनप्रतिनिधि संयोजक रञ्जिता सिलवालले जानकारी दिनुभएको छ।

जनप्रतिनिधिहरुले अस्पतालमा सञ्चालन हुने सबै सेवा सुविधाबारे सोधपुछ गरेको बताइएको छ। अस्पतालको ओपीडीमा डाक्टरको कमीका कारण भिडभाड हुने गरेको उहाँले बताउनु भएको छ। उहाँहरुले अस्पतालको नियमित सेवाको बारेमा प्रत्यक्ष सेवाग्राहीलाई भेटेर सोधपुछ गर्दा सेवाग्राहीहरुले अस्पतालमा सेवा सुविधा राम्रो रहेको बताएका छन्।

यस्तै, चिकित्सकहरुलाई प्रत्यक्ष भेटेर सोधपुछ गर्नुभएको पनि थियो। अस्पतालमा चिकित्सकको कमी भएका कारण समस्या भएको उहाँले जानकारी दिनुभएको छ। अस्पतालका समस्याबारे छलफल भइरहेको र त्यसको जतिसक्दो छिटो समाधान गर्ने हेटौंडा अस्पतालका सूचना अधिकारी राजीव झाले बताउनुभएको छ।

# एकैदिन दुईजना मृत फेला

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा एकै दिन २ जना मृत फेला परेका छन्। आइतबार प्रदेशको चितवन र काभ्रेपलाञ्चोक जिल्लामा मानिस मृत फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

चितवन जिल्लाको भरतपुर महानगर पालिका-२९, सिमलतालमा एक जना पुरुषको शव फेला परेको छ। आइतबार दिउँसो ४ बजेर ४५ मिनेटको समयमा त्रिशुली नदी किनारमा सनाखत नभएको ३५ वर्षीय पुरुषको शव सडी गलिसकेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ। शव मुचुल्कापश्चात् पोष्टमार्टमका लागि जिल्ला अस्पताल भरतपुर लगिएको प्रहरीले जनाएको छ।

यस्तै, काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल नगरपालिका-४ मा एक जना मानिस मृत फेला परेका छन्। मृत फेला पर्नेमा मण्डनदेउपुर नगरपालिका-१० बसेर मागी खाई हिंड्ने ५५ वर्षीय गर्जे तामाङ रहेको प्रहरीले जनाएको छ। तामाङ आइतबार सोही स्थानको सालघारी जंगलको सडक छेउमा मृत अवस्थामा फेला परेका थिए। शव मुचुल्कापश्चात् पोष्टमार्टमका लागि धुलिखेल अस्पताल लगिएको प्रहरीले जनाएको छ।

स्वादिष्ट नेवारी खाजा

अब






होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं।

०५७-५२६०१३

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारमा सहुलियत प्रदान गर्ने सम्बन्धी सूचना

बागमती प्रदेशमा स्थायी बसोबास गर्ने आर्थिक रुपले विपन्न नागरिकले क्यान्सर रोगको उपचार गराउँदा विरामीले बिल बमोजिम बढीमा पचास हजार रुपैंयासम्मको उपचार सहुलियत प्राप्त गर्न हुँदा क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारका लागि सूचिकृत गरिएका अस्पतालहरुबाट यो सेवा लिनुहुन सम्पूर्णमा जानकारी गराइन्छ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ